त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ्ग अध्ययन संस्थान
Institute of Engineering
थापाथली क्याम्पस
Thapathali Campus
Accredited By University Grants Commission (UGC) Nepal, 2024

GPO Box-280, Thapathali, Kathmandu
Tel: +977-01-5971474, 01-5971475
E-mail: info@tcioe.edu.np
Website: www.tcioe.edu.np
गोश्वारा पो. नं. २८०, थापाथली, काठमाडौं
फोन: +९७७-०१-५९७१४७४, ०१-५९७१४७५

मिति: २०८३।०७।१२

संशोधित दशौं भर्ना सूची सम्बन्धी सूचना।

पूर्व प्रकाशित भर्ना सूची अनुसार आज मिति २०८३।०७।१२ गते विहान १२:०० बजे देखि १:०० बजे सम्म दावी विरोधको समय तोकिएकोमा निर्धारित समय भित्र कुनै पनि दावी विरोधको निवेदन प्राप्त नभएकोले पूर्व प्रकाशित भर्ना सूची लाई नै कायम गरी यो सूचना प्रकाशित गरिएको जानकारी गराईन्छ।

दशौं भर्ना सूचीको अवधि :

मिति २०८३।०७।१४ गते बिहान ११:०० बजे देखि अपरान्ह ३:०० बजे सम्म आवेदक आफैं वा आफ्नो प्रतिनिधिमार्फत भर्ना हुनुपर्नेछ।

भर्ना हुँदा अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु :

१. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति।

२. नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति।

३. यस क्याम्पसमा आवेदन दिँदाको Priority Application Confirmation Page - Color १ प्रति।

४. एस.ई.ई. (SEE) वा सो सरहको परीक्षाको लब्धांङ्क पत्र, सम्बन्धित बोर्डले प्रदान गरेको शैक्षिक प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति।

५. कक्षा ११ को Grade Sheet को प्रमाणित प्रतिलिपि १ प्रति।

६. उच्च माध्यामिक तह (+२/ए लेभल) मा भौतिक शास्त्र, रसायन शास्त्र तथा गणित विषय लिई भौतिक विज्ञान समुह वा दुवै पत्र गणित लिई जीव विज्ञान समुह वा इन्जिनियरिङ्ग डिप्लोमा तह वा सो सरहको परीक्षामा कूल पूर्णाङ्कको कम्तिमा ४५ प्रतिशत तथा Letter Grading भएमा सबै विषयको Final Grade मा न्यूनतम C Grade (पहिलो प्रयासमै) प्राप्त गरी उत्तीर्ण गरेको लब्धाङ्क पत्र (Transcript), सम्बन्धित बोर्डले प्रदान गरेको शैक्षिक प्रमाणपत्र (Provisional Certificate) र चारित्रिक प्रमाणपत्रको (Character Certificate) र ए लेभलको हकमा समकक्षता प्रमाणपत्र सक्कल र प्रमाणित प्रतिलिपि १/१ प्रति।

७. त्रि.वि. वाहेक अन्य परीक्षा बोर्ड बाट १०+२ तह वा सो सरहको परीक्षा उत्तीर्ण गर्नेहरुले सम्बन्धित बोर्डको माइग्रेसन सर्टिफिकेटको (Migration Certificate) सक्कल र प्रमाणित प्रतिलिपि १ प्रति।

८. त्रि.वि. मा दर्ता भईसकेका विद्यार्थीको हकमा त्रि.वि. दर्ता कार्डको प्रमाणित प्रतिलिपि १ प्रति।

९. यस क्याम्पसको नाममा NIC ASIA बैंकमा रहेको तपसिल अनुसारको खातामा तोकिएको रकम जम्मा गरेको सक्कल बैंक भौचर वा Online Payment Slip तथा भौतिक रुपमा उपस्थित हुन नसक्ने आवेदकहरुको हकमा आवश्यक कागजातहरु र Online Payment Slip वा बैंक भौचर संलग्न गरी Email मार्फत भर्ना गर्न सकिनेछ।

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
इन्जिनियरिङ्ग अध्ययन संस्थान
Institute of Engineering
थापाथली क्याम्पस
Thapathali Campus
Accredited By University Grants Commission (UGC) Nepal, 2024

GPO Box-280, Thapathali, Kathmandu
Tel: +977-01-5971474, 01-5971475
E-mail: info@tcioe.edu.np
Website: www.tcioe.edu.np
गोश्वारा पो. नं. २८०, थापाथली, काठमाडौं
फोन: +९७७-०१-५९७१४७४, ०१-५९७१४७५

तपसिल :

भर्ना हुँदा लाग्ने शुल्क :

कार्यक्रम	जम्मा गर्नुपर्ने रकम रु.	कैफियत
नियमित	१९,२६९।-	त्रि.वि. मा दर्ता भएका विद्यार्थीहरुको त्रि.वि दर्ता शुल्क रकम रु.५००।- कूल भर्ना शुल्कमा कटाई तिर्नुहोला। **बैंक : NIC ASIA (Thapathali Branch)** **खातावालाको नाम : I.O.E. Thapathali Campus** **क्याम्पसको चल्ती खाता नं. : ९९४४३३०८९२५२४००१**
पूर्णशुल्कीय	२,१८,०७०।-	

द्रष्टव्य :

१. विद्यार्थी स्वयमले प्रत्येक प्रतिलिपिको पछाडी "सक्कल बमोजिम नक्कल ठीक छ, फरक परेमा कानून बमोजिम सजाय भोग्न तयार छु" भनि गरेको सहीलाई नै प्रमाणित गरेको मानिनेछ।

२. भर्ना सूचीको लागि तोकिएको दिनहरुमा आकस्मिक विदा पर्न गएमा पनि भर्ना तथा अन्य कार्यक्रम यथावत रहनेछ।

३. भर्ना सूचीमा नाम प्रकाशन भई तोकिएको समयमा भर्ना नहुने आवेदकहरुको नाम आवेदकको सूचीबाट हटाइनेछ र पछि प्रकाशन हुने सूचिहरुमा समावेश गरिने छैन।

४. दशौं भर्ना सूचीमा नाम प्रकाशन भएका आवेदकहरुले भर्ना नगरी स्थान रिक्त रहन गएमा मात्र एघारौं भर्ना सूची मिति २०८३।०७।१४ गते प्रकाशन गरिनेछ।

५. तल्लो प्राथमिकताका कार्यक्रममा नाम प्रकाशित भई भर्ना भैसकेका आवेदकहरुको योग्यताक्रमले भ्याएमा पछिल्लो सूचीबाट माथिल्लो प्राथमिकता तोकेको कार्यक्रमहरुमा नाम प्रकाशित गरिनेछ। कुनै नियमित कार्यक्रममा भर्ना भएका आवेदकहरुको नाम माथिल्लो प्राथमिकता दिएको कारण पछि पूर्णशुल्कीय कार्यक्रममा निस्केमा निज पूर्णशुल्कीय कार्यक्रममा अनिवार्य भर्ना हुनु पर्नेछ र नभएमा निजको भर्ना खारेज गरिनेछ। तर भर्ना सूचीमा नाम प्रकाशन भई भर्ना भईसकेका कुनै विद्यार्थीले अब उप्रान्त माथिल्लो प्राथमिकतामा नसर्ने भनि लिखित निवेदन दिएमा मात्र त्यस्ता आवेदक भर्ना भएकै कार्यक्रममा रहन सक्नेछन्।

६. त्रि.वि. बाहेक अन्य बोर्डबाट प्रमाण पत्र तह तथा उच्च माध्यामिक तह, इन्जिनियरिङ्ग डिप्लोमा वा सो सरहको परीक्षा उत्तीर्ण भई आएको आवेदकको नाम प्रकाशित भइ त्रि.वि. बाट मान्यता दिएको नपाइएमा वा कुनै आवेदकको लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्र र नागरिकताको सक्कल प्रमाणपत्रहरु तथा अन्य विवरण रुजु गर्दा फरक परी नाम प्रकाशित भई भर्ना भैसकेको भएता पनि त्यस किसिमको आवेदकहरुको भर्ना स्वत: रद्द हुने व्यहोरा समेत यसै सुचनाद्वारा जानकारी गराइन्छ।

web site: tcioe.edu.np / admission.tcioe.edu.np
Email: admission@tcioe.edu.np
Phone No. : 01-5971480

अध्यक्ष
वी.ई./वी.आर्क भर्ना समिति-२०८३
इ.अ.सं., थापाथली क्याम्पस